निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आचारसंहिता

निर्वाचन आयोग, नेपाल

आचारसंहिता के हो ?

- आचरण वा व्यवहारको परिस्कृत नैतिक नियम प्रतिपादन गरी लेखिएको शास्त्र वा विद्या हो,
- सार्वजनिक अधिकारी, राजनीतिक दल, नीजि क्षेत्र, व्यक्ति वा संस्थाको व्यवहार नियन्त्रण गर्ने लिखित नियमहरुको संगालो हो ।
- अनैतिक आचारण र व्यवहार रोक्न र संवोधन गर्न तयार गरिएको दस्तावेज हो,

क्रमशः

- प्रत्येक व्यक्ति संस्था वा निकायले पालना गर्नुपर्ने मान वा आचारको मानक हो।
- निर्वाचनको स्वच्छता, निश्पक्षता र विश्वशनीयता कायम गर्न निर्वाचन आयोगले जारी गरेको संहिता हो,
- आचारसंहिता नैतिक र कानूनी वन्धन हो,
- निर्वाचनका लागि जारी गरिएको दिशानिर्देश हो,

निर्वाचन आचारसंहिता किन ?

- स्वच्छ, निष्पक्ष, पारदर्शि तथा भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्न ।
- निर्वाचनमा सवै पक्षको लागि समान खेलमैदान (Equal Playing Field) प्रदान गर्न,
- निर्वाचनको विश्वशनीयता कायम गर्न र निर्वाचनप्रति आम मतदाताको विश्वास बढाउन,

क्रमशः

- निर्वाचन प्रयोजनका लागि सरकारी श्रोतसाधनको दुरुपयोग हुन नदिन,
- निर्वाचनमा हुने अपराध, दूर्व्यवहार, गलत अभ्यास, डर, धाक धम्की, प्रलोभन जस्ता कार्य रोक्न,
- निर्वाचनमा सुशासन कायम गर्न।
- स्वच्छ , स्वतन्त्र , निष्पक्ष , विश्वसनीय एवम् मितव्ययी निर्वाचन गर्ने निर्वाचन आयोगको उदेश्य पूरा गर्न ।

आचारसंहिता निर्माणको आधार

- Universal Declaration of Human Rights-1948 को धारा (२१), International Covenant on Civil & Political Rights, 1966 को धारा (२५) मा आफूले छानेको प्रतिनिधि मार्फत शासनमा सहभागी हुन पाउने अधिकार र गोप्य मतदानको अधिकार रहेको।
- नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन प्रणाली, बालिग मताधिकार, आवधिक निर्वाचन समेतका लोकतान्त्रिक मूल्य मान्यतामा प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने मूल ध्येय रहेको ।

क्रमशः

- संविधानको धारा २४६ ले निर्वाचन आयोगलाई निर्वाचनको संचालन, रेखदेख निर्देशन र नियन्त्रण गर्ने अधिकार प्रदान गरेको।
- निर्वाचन आयोग ऐन, २०७३ दफा २२ ले निर्वाचनमा स्वच्छता, निश्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न आचारसंहिता वनाउन सक्ने र त्यसको पालना गर्नु सबैको कर्तव्य हुने उल्लेख गरेको ।

क्रमशः

- आचारसंहिता आयोगले तोकेको मिति देखि लागू हुने व्यवस्था रहेको।
- निर्वाचन आयोगको तेश्रो पञ्चवर्षिय रणनीतिक योजनाले निर्वाचन आचार संहिता तयार गरी कार्यान्वयन गर्ने उल्लेख गरेको ।

आचारसंहिता कसलाई लागू हुन्छ ?

- नेपाल सरकार र नेपाल सरकारका मन्त्री,
- प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री,
- संवैधानिक निकाय र सो निकायका पदाधिकारी,
- प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी,
- स्थानीय कार्यपालिका र सोका सदस्य,

क्रमशः१

- संघ, प्रदेश र स्थानीय तहका कर्मचारी,
- सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी,
- सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय तथा कर्मचारी,
- राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,

क्रमशः२

- उम्मेदवार तथा उम्मेदवारको प्रतिनिधि,
- राजनीतिक दल तथा उम्मेदवारको मतदान एवम् मतगणना प्रतिनिधि,
- सार्वजनिक पद धारण गरेको व्यक्ति,
- अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता,
- पर्यवेक्षण संस्था तथा पर्यवेक्षक,

क्रमशः ३

- सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी,
- निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी,
- सामुदायिक विद्यालय वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी,
- मतदाता,
- विकास साझेदार संस्था,

क्रमश:४

- सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी,
- मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था वा सो संस्थाका कर्मचारी,
- निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार,
- वस्तु तथा सेवा प्रदायक व्यवसायिक संस्थाका पदाधिकारी, कर्मचारी र कामदार,
- आयोगले तोकेका अन्य निकाय वा व्यक्ति ।

सबैले पालना गर्नुपर्ने सामान्य आचरण

- सार्वजनिक निकाय वा कुनै परियोजनाको स्रोत साधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने,
- आयोगद्वारा सञ्चालित कार्यक्रममा कुनै किसिमले अवरोध हुने गरी कुनै कार्य गर्न वा निर्वाचनसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन नहुने,

क्रमशः१

- कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने,
- राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अंकित ज्याकेट, कमिज, भेष्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, लोगो, झोला, ब्याच, टयाटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने,

क्रमशः२

- घरजग्गा धनीको स्वीकृति नलिई कसैको निजी वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्न वा गराउन नहुने,
- ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने,
- अठार वर्ष उमेर पूरा नभएका बालबालिकालाई निर्वाचन प्रचार प्रसारमा प्रयोग गर्न वा गराउन नहुने,

क्रमशः३

- प्रचलित कानून बमोजिम निषेध गरिएको समय र स्थानमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने,
- सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा,कोणसभा, बैठक, भेला गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने,
- सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने,

क्रमशः४

- निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा झुटा साइट र एकाउण्ट सञ्चालन गर्न वा गराउन नहुने,
- सामाजिक सञ्जालमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिका टिप्पणी गर्न वा सूचना प्रवाह गर्न वा गराउन नहुने,
- कुनै प्रयोजनको लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक सञ्जालमा शेयर वा लाइक वा कमेन्ट गर्न वा गराउन नहुने,

क्रमशः५

- कसैको चरित्र हत्या हुने, व्यक्तिगत लाञ्छना लगाउने, मानहानी हुने वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्ने तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न वा गराउन नहुने,

- उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतपरिणामको घोषणा नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मतपरिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नहुने,

क्रमशः ६

- स्वास्थ्य सुरक्षा मापदण्डको प्रतिकूल हुने गरी कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने,
- निर्वाचनलाई प्रभाव पार्ने गरी कसैको पक्ष वा विपक्षमा विचार राख्न, प्रचार प्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री शेयर गर्न नहुने,
- कुनै पनि हातहतियार तथा प्रज्वलनशिल पदार्थ बोक्न नहुने,

क्रमशः७

- कुनै पनि किसिमबाट मतदाताको गोप्यता भंग गर्ने कार्य गर्न नहुने,
- मतदाता र मतदानमा खटिएका कुनैपनि कर्मचारीसँग वादविवाद गर्न तथा उनीहरुलाई हतोत्साहित गर्ने कुनै पनि कार्य गर्न नहुने।
- राजनीतिक दल वा उम्मेदवार तथा उम्मेदवारको एकाघरका परिवारका सदस्यको मान, प्रतिष्ठा, इज्जतमा आँच पुऱ्याउने काम गर्न नहुने ।

नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री तथा स्थानीय तहका कार्यपालिकाका पदाधिकारीको आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नहुने,
- वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गर्न वा नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,
- योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,

क्रमश १

- नयाँ पद सृजना गर्न, रिक्त पद पूर्ति गर्न, भत्ता वृद्धि गर्न, ग्रेड लगायतका आर्थिक सुविधा वा कुनै किसिमका पुरस्कार प्रदान गर्न वा घोषणा गर्न नहुने,
- निर्वाचनको काममा बाहेक कर्मचारीको सरूवा वा पदस्थापन गर्न नहुने,
- मौन अवधिभर कुनै पनि प्रकारका अन्तरक्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी वा निर्वाचन सँग सम्बन्धित छलफल वा सामुहिक मस्तिष्क मन्थन आदि गर्न नहुने,

क्रमश २

- मौन अवधिमा सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने,
- आयोगको अनुमतिमा मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,

संवैधानिक पदाधिकारी, सरकारी कर्मचारी तथा निकाय, अर्धसरकारी संस्था र कर्मचारीको आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नहुने,
- राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको बैठक, सभा, कार्यशाला गोष्ठी, सम्मेलन, अन्तरक्रिया जस्ता कार्यक्रममा भाग लिन नहुने,
- कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,

क्रमशः१

- वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य नयाँ कार्यक्रम गर्न, नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,
- नयाँ पद सृजना गर्न, रिक्त पद पूर्ति गर्न, भत्ता वृद्धि गर्न, ग्रेड लगायतका आर्थिक सुविधा वा कुनै किसिमका पुरस्कार प्रदान गर्न वा घोषणा गर्न नहुने,
- निर्वाचनको काममा बाहेक कर्मचारीको सरूवा वा पदस्थापन गर्न नहुने,

क्रमशः२

- आयोगको अनुमतिमा मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई आफ्नो वा कार्यालयको भवन, अतिथिगृह, सभागृह, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने,
- कर्मचारीको सबै तहका आधिकारिक ट्रेड युनियन वा राजनीतिक दलसँग आवद्ध ट्रेड यूनियनका कार्यसमितिका पदाधिकारीलाई निर्वाचन सम्बन्धी कुनै जिम्मेवारी दिन नहुने।

क्रमशः३

- निर्वाचनको काममा बाहेक कर्मचारीको सरूवा वा पदस्थापन गर्न नहुने,
- राजनीतिक प्रकृतिका कुनै कार्यक्रम गर्न नहुने,
- उम्मेदवार वा राजनीतिक दलको कुनैपनि निर्वाचन प्रचारप्रसारका सामग्री राख्न, टाँस्न वा प्रचार प्रसार गर्न नहुने,
- सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने,

पर्यवेक्षण संस्थाले पालना गर्नुपर्ने आचरण

- आयोगबाट अनुमति नलिई पर्यवेक्षण गर्न नहुने,
- सरकारी वा सरकारी स्वामित्व भएका वा अर्धसरकारी संघ, संस्था, विश्वविद्यालय वा सामुदायिक विद्यालयका बहालवाला कर्मचारी वा शिक्षकलाई पर्यवेक्षण गर्न खटाउन नहुने,
- पर्यवेक्षकलाई निजको स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको गाउँपालिका वा नगरपालिकाको वडामा पर्यवेक्षणका लागि खटाउन नहुने,

क्रमशः

- पर्यवेक्षण कार्य समाप्त भएको तीस दिनभित्र आफ्नो संस्थाको आय र व्यय सार्वजनिक गर्नु पर्ने र सोको लिखित जानकारी आयोगलाई गराउनु पर्ने,
- पर्यवेक्षणका लागि अनुमति प्राप्त संघ संस्थाले मतदान समाप्त भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिनभित्र अन्तिम पर्यवेक्षण प्रतिवेदन आयोगमा बुझाउनु पर्ने ।

पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण

- पर्यवेक्षकले परिचयपत्र सबैले देख्ने गरी लगाउनु पर्ने,
- विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र सँस्कृतिको सम्मान गरी स्वतन्त्र, निष्पक्ष, तटस्थ, विश्वसनीय ढङ्गले पर्यवेक्षण गर्नुपर्ने,
- मतदान अधिकृतको अनुमति लिएर निश्चित दूरीबाट मात्र मतदान कार्यको पर्यवेक्षण गर्ने,

क्रमशः १

- विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र सँस्कृतिको सम्मान गरी स्वतन्त्र, निष्पक्ष, तटस्थ, विश्वसनीय ढङ्गले पर्यवेक्षण गर्नुपर्ने,
- मतदान अधिकृतको अनुमति लिएर निश्चित दूरीबाट मात्र मतदान कार्यको पर्यवेक्षण गर्ने,
- राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सार्वजनिक रूपमा वा आमसञ्चार माध्यममा कुनै किसिमको टिकाटिप्पणी गर्न नहुने,

क्रमशः २

- आयोगले अनुमति दिएको क्षेत्रमा मात्र पर्यवेक्षण गर्नुपर्ने,
- राजनीतिक दल, उम्मेदवार, कर्मचारी वा अन्य व्यक्तिसँग नगद वा जिन्सी वा उपहार वा अन्य कुनै सामान लेनदेन गर्न नहुने,
- राजनीतिक दल वा उम्मेदवारको समर्थन वा विरोध हुने गरी पर्यवेक्षकले निर्वाचन चिन्ह अङ्कित ब्याच लगाउन वा अन्य कुनै माध्यमद्वारा प्रचारप्रसार वा प्रदर्शन गर्न नहुने,

क्रमशः २

- निर्वाचनलाई प्रभावित पार्ने कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न नहुने,
- सुरक्षा संवेदनशील स्थानमा पर्यवेक्षण गर्न नहुने,
- मतदाताले गोप्य मत सङ्केत गरेको कक्षमा तस्विर खिच्न नहुने,

तर निर्वाचन अधिकृत वा मतदान अधिकृतको अनुमति लिई मतदानस्थलको घेरा बाहिरबाट तस्विर खिच्न बाधा पर्ने छैन ।

क्रमशः २

- निर्वाचन अधिकृत वा आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्न वा गराउन नहुने,
- निर्वाचन कानून तथा निर्वाचन सामग्रीका सम्बन्धमा निर्वाचनलाई असर पर्ने गरी नकारात्मक टिकाटिप्पणी गर्न नहुने,
- मतदान केन्द्रमा खटिएका मतदान अधिकृत तथा अन्य कर्मचारीलाई निजहरूको कार्यसम्पादनमा बाधा पुऱ्याउन नहुने,
- निर्वाचन सम्पन्न भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिनभित्र अन्तिम प्रतिवेदन आयोगमा बुझाउनु पर्ने ।

सञ्चार प्रतिष्ठान, कर्मचारी तथा पत्रकारको आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधिबाट दान, उपहार वा आर्थिक सहयोग लिन नहुने,
- कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,
- जातजाति, भाषा, धर्म, सम्प्रदाय, लिङ्ग र क्षेत्र बीचको सम्बन्ध र सद्भावमा खलल पार्ने, राजनीतिक आस्था वा विचार, राष्ट्रियता तथा सामाजिक अवस्था जस्ता कुनै पनि आधारमा भेदभाव हुने गरी समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,

क्रमश १

- राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको लागि नि:शुल्क वा प्रायोजित विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने,
- कसैको पक्ष वा विपक्षमा एस.एम.एस., फेसबुक, मेसेञ्जर, ट्वीटर, भाइवर, यूट्युब, इन्स्टाग्राम जस्ता विद्युतीय माध्यम प्रयोग गरी कुनै सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा शेयर, लाइक, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने,

राजनीतिक दल, उम्मेदवार तथा दलको भातृ संगठनले पालना गर्नुपर्ने विषयगत आचरण

जुलुस, आमसभा, कोणसभा, बैठक एवम् भेला गर्दा पालना गर्नुपर्ने आचरणः

- बैठक एवं भेला गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने र कसैको घरको आसपासमा गई निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न नहुने,
- स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक एवम् भेला गर्न नहुने,

क्रमशः

- जुलुस, आमसभा, कोणसभा, बैठक एवम् भेला गर्नु अघि स्थानीय प्रशासन र प्रहरीलाई मिति, समय, मार्ग र स्थानको बारेमा कम्तीमा ७२ घण्टा अगावै जानकारी गराउनु पर्ने,
- जुलुस वा आमसभामा भाग लिने वा प्रचार प्रसार गर्ने व्यक्तिले दलको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने,

क्रमशः

- घर धनीको अनुमति नलिई कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने,
- निर्वाचन प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा तीनसय वर्ग इन्चसम्म क्षेत्रफल भएको आकारको एउटै रङ्ग र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग गर्नुपर्ने,

क्रमशः

- एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नहुने,
- प्रचलित कानून वा स्थानीय प्रशासनले निषेध गरेको सामग्री लिई जुलुस, आमसभा, कोणसभा, बैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न नहुने,

क्रमशः

सवारी साधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण

- उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा निर्वाचन अधिकृतको अनुमतिमा बढीमा दुईवटा दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे वा चारपाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने,

क्रमशः

सञ्चार माध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरणः-

- स्थानीय तह सदस्यको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबीस घण्टामा बढीमा दुई पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

क्रमशः

सञ्चार माध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरणः-

- स्थानीय तह सदस्यको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबीस घण्टामा बढीमा दुई पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

क्रमश:

निर्वाचन खर्च सम्बन्धी आचरण:-

- बैंक खाता खोली खर्च गर्ने,
- खर्च गर्ने पदाधिकारी तोक्ने,
- २५ हजार भन्दा बढी सहयोग बैंक मार्फत हुनुपर्ने,
- खर्चको बिल भरपाई राख्नु पर्ने,
- आम्दानी तथा खर्चको विवरण आयोगले तोकेको ढाँचामा जिल्ला निर्वाचन कार्यालय वा आयोगमा बुझाउनु पर्ने,

क्रमशः

- आयोगले खर्चको बिल भरपाई तथा बैङ्क वा वित्तीय संस्थामा रहेको खाताको विवरण पेश गर्न आदेश दिएमा सक्कल बिल भरपाई तथा बैङ्क वा वित्तीय संस्थाको खाताको विवरण पेश गर्नु पर्ने,
- निर्वाचन खर्चको विवरण निर्वाचन सम्पन्न भएपश्चात सार्वजनिक गरी प्रचलित निर्वाचन सम्बन्धी कानूनले तोकेको अवधिभित्र आयोग वा निर्वाचन कार्यालयमा पेश गर्नु पर्नेछ ।

मौन अवधिमा पालना गर्नुपर्ने आचरण

- मौन अवधिभर निर्वाचन प्रचार प्रसार लगायत कुनै पनि प्रकारका छलफल, मस्तिष्क मन्थन (Brain Storming) अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठि आदि गर्न नपाइने,
- मौन अवधि शुरू हुनुभन्दा अगाडि मतदान स्थलको ३०० मिटर वरिपरी राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचार प्रसारका सामग्री हटाउनु पर्ने,

क्रमशः

- कुनै पनि विधि, प्रकृया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचार प्रसार गर्न नहुने,
- सामाजिक सञ्जाल, अनलाईन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन नहुने ।

मतदानको दिन पालना गर्नुपर्ने आचरण

- मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिन्ह वा मत सङ्केत भएको पहिरन वा व्याज लगाउन नहुने,
- मतदान केन्द्रमा कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोशाक र चीजवस्तु लगाउन, बोक्न वा देखाउन नहुने,

क्रमशः

- कुनै किसिमको सवारी साधन प्रयोग गरी आवत जावत गर्न वा कसैलाई लैजाने वा ल्याउने गर्न नहुने,
- आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारी तथा मतदाता बाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने ।

विविध विषयका आचरण

- **राजिनामा गर्नुपर्नेः-** कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा सुविधा वा पारिश्रमिक पाउने गरी वहाल रहेको निर्वाचित वा मनोनित पदाधिकारीले स्थानीय तहको निर्वाचनमा उम्मेदवारको मनोनयन दर्ता गर्नु अगावै वहाल रहेको पदबाट राजिनामा गर्नु पर्ने।
- **पेश्की फस्र्यौट गर्नुपर्नेः-** उम्मेदवारले आफू निर्वाचित, मनोनित वा नियुक्त भएको निकायबाट लिएको कुनै पनि प्रकारको पेश्की फस्र्यौट गरेको हुनु पर्ने।

क्रमशः

- **बेरुजु फस्र्यौट गर्नुपर्नेः-** लेखापरीक्षणबाट कुनैपनि उम्मेदवारको नाममा किटानीसाथ असूल उपर गर्ने भनी कायम भएको बेरुजु फस्र्यौट गरेको हुनु पर्ने।
- स्वास्थ्य मापदण्ड अवलम्वन गर्नुपर्ने,
- आचारसंहिता उल्लङ्घनकर्ताको नाम सार्वजनिक गरिने,

आचारसंहिता पालना नगरेमा के हुन्छ ?

- आचारसंहिताको पालना गर्नु सवैको कर्तव्य हुन्छ,
- आयोगले आचार संहिता जाँचबुझ तथा अनुगमन गर्न सक्ने,
- आचारसंहिता विपरीतका काम रोक्न वा बदर गर्न आदेश दिने,
- आदेश वमोजिम काम कारवाही नरोकेमा र बदर नगरेमा आयोगले १ लाख रुपैया सम्म जरिवाना गर्न सक्ने,
- उम्मेदवारले आचारसंहिता उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित हुन नसकेको कुरामा आयोग विश्वस्त भएमा आयोगले उमेदवारको उमेदवारी रद्द गर्न सक्ने,

निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ वमोजिम अनुगमनकर्ताले गर्ने सजाय

- निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजात नोक्सान गर्ने कार्य गरेमा,
- मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिई वाधा अवरोध गरे वा गराएमा,
- अनधिकृत व्यक्ति मतगणना स्थलमा प्रवेश गरे वा गराएमा (१५ हजार सम्म जरिमाना गर्ने),
- शान्तिभङ्ग गर्ने, भय त्राश सिर्जना गर्ने वा निर्वाचनको वातावरण विथोल्ने प्रयास गरेमा,

क्रमशः

- आचारसंहिता विपरीत निर्वाचनको प्रचारप्रसार गरेमा, साउण्ड सिष्टमको प्रयोग गरेमा,
- आयोगले तोकेको संख्याभन्दा वढी र अनुमति दिएको वाहेक अन्य सवारी साधन प्रयोग गरेमा वा गराएकोमा, सवारी साधनको प्रयोग गरी र्‍याली गरे वा गराएकोमा,
- अनुगमनकर्ताले २५ हजार रुपैया सम्म जरिवाना गर्न सक्ने,

पर्यवेक्षकको सम्बन्धमा हुने सजाय

- आयोगले खटाएको पर्यवेक्षकले निर्वाचनको कुनै काम गर्दा कानून बमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक निर्वाचनमा कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै किसिमको काम गर्न वा गराउन नहुने,
- त्यस्तो कसूर गरेमा १ लाख सम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

क्रमशः

- आयोगले निर्वाचनमा खटाएको पर्यवेक्षकले कुनै मतदाताले मत दिएको वा नदिएको वा कुनै उम्मेदवारलाई मत दिएको वा कसले कति मत पाएको वा मतपत्रमा मतदाता चिनिने गरी कुनै पनि किसिमको सङ्केत वा चिन्ह रहेको वा अन्य कुनै कुराहरु कसैलाई भनी, लेखी वा कुनै किसिमको प्रकाशन गरी प्रकट गर्न वा गराउन नहुने ।

क्रमशः

- त्यस्तो कसूर गर्ने व्यक्तिलाई आयोग, निर्वाचन अधिकृत वा मतदान अधिकृतले २५ हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

निर्वाचन आयोग ऐन, २०७३

- आयोगले पर्यवेक्षणका लागि तोके बमोजिमको कार्यविधि पूरा गरी पर्यवेक्षण गर्नुपर्ने,
- त्यस्तो कार्यविधि पालना नगरी पर्यवेक्षण गर्ने व्यक्ति वा संस्थाको अनुमति आयोगले रद्द गर्नेछ ।

निर्वाचन पर्यवेक्षण निर्देशिका,२०७८

- पर्यवेक्षणमा रोक लगाउन सक्नेः

- कुनै पर्यवेक्षकले निर्वाचन आचारसंहिताको उल्लङ्घन गरी पर्यवेक्षण गरेको पाइएमा मतदान अधिकृतले पर्यवेक्षण गर्न रोक लगाउने, निजको परिचयपत्र खिची सोको जानकारी तत्काल निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।
- निर्वाचन अधिकृतले त्यस्तो पर्यवेक्षकलाई पर्यवेक्षण गर्न रोक लगाई परिचयपत्र रद्द गर्न सक्ने र सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

क्रमशः

- निर्वाचन आचारसंहिता उल्लंघन गरी परिचय पत्र रद्द गरिएको व्यक्तिलाई त्यसपछि हुने कुनै पनि निर्वाचनमा पर्यवेक्षकको रुपमा खटाउन पाइने छैन ।
- निर्वाचन सम्बन्धी कसूर गरी वा निर्वाचन आचारसंहिता उल्लङ्घन गरी सजाय पाएको संस्थालाई पर्यवेक्षणको लागि अनुमति दिइने छैन ।

निष्कर्षः

- निर्वाचनको लागि नैतिक व्यवहार र आचरण महत्वपूर्ण हुन्छ।
- निर्वाचन आचारसंहिताको पूर्ण पालना विना विश्वसनीय निर्वाचन हुन सक्दैन।
- राजनीतिक दल, उम्मेदवार, सरकार एवं सवै पक्षले आचारसंहिताको अक्षरश पालना गर्नुपर्छ।



धन्यवाद !